प्रति शेयर रू.१००/- अंकित दरको
२९,७०,००० कित्ता हकप्रद शेयरको निष्काशन

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
Gurans Life Insurance Co. Ltd.

श्री राज भवन, तिनकुने, पो.ब.नं. १९४९९, काठमाडौं, नेपाल, फोनः ५१९९१०५, ५१९९३१० फ्याक्सः ९७७-०१-५१९९०६१
E-mail-info@guranslife.com Web: www.guranslife.com

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्कासन खुल्ला मितिः २०७५/१२/२८ गते

निष्कासन बन्द हुने मितिः २०७६/०२/०१ गते
(बैंकिङ्ग समय पश्चात्)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

२ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको
हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

कम्पनीको विद्यमान रु. ५९,४०,००,००० बराबर चुक्ता पूँजीमा दुई शेयर बराबर नयाँ एक (२ : १) शेयरको अनुपातमा रु.१००/- अंकित दरका २९,७०,००० कित्ता हकप्रद शेयर मिति २०७५/१२/०५ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७५/११/१४

१. कम्पनीको नाम : गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (GURANS LIFE INSURANCE CO. LIMITED)।

२. रजिष्टर्ड कार्यालय : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.३२, श्री राज भवन, तिनकुनेमा रहेको छ।

३. कारोवार स्थान :

यस कम्पनीको कारोबार गर्ने स्थान काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.३२, श्री राज भवन, तिनकुनेमा रहेको छ। यस कम्पनीले बीमा समितिले स्वीकृत गरे अनुसार नेपाल भित्र देहायका स्थानहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ। यसको अलवा **क्षेत्रीय कार्यालयहरुः** (१) विर्तामोड, झापा (२) विरगन्ज, पर्सा (३) बुटवल, रुपन्देही (४) पोखरा, कास्की (५) नेपालगन्ज, बाँके (६) धनगढी, कैलाली (७) जावलाखेल, ललितपुर र **शाखा कार्यालयहरुः** (१) गौर, रौतहट (२) बर्दिवास, महोत्तरी (३) लालबन्दी, सर्लाही (४) लाहान, सिराहा (५) हेटौंडा, मकवानपुर (६) जनकपुर, धनुषा (७) नारायणघाट, चितवन (८) गाईघाट, उदयपुर (९) विरेन्द्रनगर, सुर्खेत (१०) विराटनगर, मोरङ्ग (११) धरान, सुनसरी (१२) हिले, धनुकटा (१३) घोराही, दाङ (१४) डडेलधुरा, महाकाली (१५) महेन्द्रनगर, कञ्चनपुर (१६) बनेपा, काभ्रेपलाञ्चोक (१७) सुर्यविनायक, भक्तपुर (१८) सिन्धुलीगढि, सिन्धुली (१९) ताहाचल, काठमाडौं (२०) दमक, विर्तामोड (२१) लेखनाथ, कास्की (२२) अत्तरिया, कैलाली (२३) दमौली, तनँहु (२४) ईलाम, ईलाम (२५) ईटहरी, सुनसरी (२६) लमही, दाङ्ग (२७) बर्दघाट, नवलपरासी (२८) टिकापुर, कैलाली (२९) बाग्लुङ्ग, बाग्लुङ्ग।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संगठित संस्थाको संक्षिप्त परिचयः गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम २०६४/०३/१३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। यस कम्पनीले बीमा समितिबाट बीमा ऐन, २०४९ अनुसार २०६४/१२/१८ गते बीमकको हैसियतले कार्य गर्न स्वीकृति प्राप्त गरी मिति २०६५/०२/१७ देखि आफ्नो कारोवार गरिरहेको छ। साथै यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट समेत "क" बर्गको कम्पनीको रुपमा बर्गिकृत भएको छ। यस गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका संस्थापकहरुमा समाजसेवी, व्यवसायी, उद्योगपति, बिमा क्षेत्रमा अनुभव प्राप्त व्यक्तिहरुको संलग्नता रहेको छ।

संगठित संस्थाको उद्देश्यः कम्पनीका मुख्य उद्देश्य देहाय बमोजिम रहेको छः
(क) आजीवन जीवन विमा, सावधिक जीवन विमा तथा म्यादी जीवन विमा लगायतका विमा सम्बन्धी कार्यहरु गर्ने गराउने।
(ख) सबै किसिमका जीवन तथा दुर्घटना सम्बन्धमा ब्यक्ति विशेष वा ज्यान सम्बन्धी जोखिम वा शरीरको कुनै भागमा भएको वा हुने हानी नोक्सानी, शारीरिक वा मानसिक आघातका सम्बन्धमा विमा गर्ने गराउने।
(ग) मुलुकभर जीवन विमा सेवा उपलब्ध गराउनको लागि जीवन वीमाको महत्व र आवश्यकताको वारेमा व्यापक रुपमा प्रचार प्रसार गर्ने।
(घ) आर्थिक तथा सामाजिक कारणले उत्पन्न हुने जीवन विमा क्षेत्रका आवश्यकता पूर्ति गर्ने।
(ङ) विमा व्यवसायबाट प्राप्त भएको जीवन विमा शुल्क रकम प्रचलित कानून बमोजिमका स्वीकृति लिई बिभिन्न क्षेत्रमा लगानी गर्ने।
(च) सम्पत्ति संरक्षणको लागि तथा विमित व्यक्तिहरुको हित वा सुविधाको लागि विभिन्न विमा कम्पनीहरुको पुनर्विमा स्वीकार गर्ने तथा पुनर्विमा गराउने।
(छ) मुलुकभर वा मुलुक बाहिर विमा, पुनर्विमा दलाल, दावी निर्धारण तथा फस्यौटकर्ता नियुक्त गर्ने गराउने।
(ज) विमा पुनर्विमा व्यवसायको लागि स्वदेशी तथा विदेशी विमा कम्पनीहरुको प्रतिनिधि, ब्रोकर भइ काम गर्ने गराउने।
(झ) जीवन विमाका क्षेत्रमा अन्य कार्यहरु गर्ने गराउने।

५. शेयर पूँजीको संरचना :

(क) **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु.८९,१०,००,०००/- (अक्षेरपी उनानब्बे करोड दश लाख) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ८९,१०,००० (उनानब्बे लाख दश हजार) थान शेयरमा विभाजन गरिएको छ।

(ख) **जारी पूँजी :** कम्पनीको जारी शेयर पूँजी रु.८९,१०,००,०००/- (अक्षेरपी उनानब्बे करोड दश लाख) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ८९,१०,००० (उनानब्बे लाख दश हजार) थान शेयरमा विभाजन गरिएको छ।

(ग) **चुक्ता पूँजी :** हाल कम्पनीको चुक्ता पूँजी रु.५९,४०,००,०००/- (अक्षेरपी उन्नसाठी करोड चालिस लाख) रहेको छ। यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.८९,१०,००,०००/- (अक्षेरपी उनन्बे करोड दश लाख) हुनेछ।

६. शेयरको हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

शेयरको हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचनाः

क्र.सं.	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना (%)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	६२,३७,०००	७०	६२,३७,००,०००/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	२६,७३,०००	३०	२६,७३,००,०००/-	शतप्रतिशत
	जम्मा	८९,१०,०००	१००	८९,१०,००,०००/-	शतप्रतिशत

७. सञ्चालकहरु तथा कार्यकारी प्रमुखको परिचय :

कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनुभएको छः

क्र.सं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता	अनुभव	समूह
१.	श्री विवेक दुगड	अध्यक्ष	का.म.पा.-१, काठमाडौं	स्नातक	- बैंक, हाइड्रो, अटोमोबाइल्स व्यापार व्यवसायको क्षेत्रमा २६ वर्षको अनुभव। - भाइस चेयरम्यान - एमभि दुगड ग्रुप।	क
२.	श्री विशाल तातेड	संचालक	का.म.पा.-११, काठमाडौं	स्नातक	- मेकानिकल, हाइड्रोपावर तथा इन्फास्ट्रक्चर सम्बन्धि ब्यापार ब्यवसायको क्षेत्रमा १८ वर्षको अनुभव। प्रोप्राइटर - विशाल ट्रेड लिंक, हाइटेक मेका.इण्ड. डाइरेक्टर - एचजि इन्टरप्राइजेज, विशाल प्लाष्टोक्याव, साउथ एशिएन इन्फास्ट्रक्चर	ख
३.	श्री अपछ कुमार यादव	संचालक	सनराइज बैंक लिमिटेड	चार्टड एकाउन्टेन्ट	- बैंक तथा वित्तीय क्षेत्रमा २१ वर्षको अनुभव। - नायव महाप्रबन्धक - सनराइज बैंक लि.। - सहायक महाप्रबन्धक - माछापुच्छ्रे बैंक लि.।	क
४.	श्री शिव बहादुर श्रेष्ठ	स्वतन्त्र संचालक	का.म.पा.-३५, काठमाडौं	स्नातकोत्तर	- बीमा क्षेत्रमा २५ वर्षको अनुभव। - नायव महाप्रबन्धक - नेपाल लाइफ इन्स्योरेन्स कं. लि.। - प्रबन्धक - राष्ट्रिय बीमा संस्थान।	स्वतन्त्र संचालक
५.	श्री सौरभ दुगड	संचालक	गौर नगरपालीका-३, रौतहट	स्नातकोत्तर	- संगठित क्षेत्रमा १० वर्षको अनुभव। - डाइरेक्टर - केएल दुगड ग्रुप, स्वस्तीक आयल ई., सौरभ आयल मिल्स, विकास फलोर मिल	क
६.	श्री मेघ राज पौडेल	संचालक	महालक्ष्मी न.पा.-१, ललितपुर	स्नातकोत्तर	- संगठित क्षेत्रमा २६ वर्षको अनुभव। - प्रमुख संचालन अधिकृत - रोयल इन्फिल्ड, विवेक अटोमोवाइल्स, एमभि दुगड ग्रुप।	क
७.	श्री शम्भु प्रसाद सुवेदी	संचालक	महालक्ष्मी न.पा.-१, ललितपुर	स्नातक	- अटोमोबाइल्स क्षेत्रमा २२ वर्षको अनुभव। - सदस्य - सवारी समिति, नाडा	क

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम	पद	ठेगाना	शैक्षिक योग्यता/अनुभव
नारायण कुमार भट्टराई	प्रमूख कार्यकारी अधिकृत	धुम्वाराही, प्रकाश मार्ग, काठमाण्डौ	एम.वि.ए. - मणिपुर विश्वविद्यालय, इम्फाल, भारत। वि.एस.सी. - एन.वाडिया कलेज, पुणे, भारत। २०५९ साल फाल्गुण ०२ देखि २०६८ साल कार्तिक २७ सम्म - शाखा प्रमुख - एलआईसि (नेपाल) २०६८ साल कार्तिक २९ देखि २०७० साल पौष ३० सम्म - सहायक महाप्रबन्धक गुरांस लाइफ इन्स्योरेन्स कं. लि. २०७० साल माघ ०१ देखि २०७४ साल मंसिर १० सम्म - नायव महाप्रबन्धक गुरांस लाइफ इन्स्योरेन्स कं. लि. २०७४ साल मंसिर ११ देखि हाल सम्म - प्रमुख कार्यकारी अधिकृत, गुरांस लाइफ इन्स्योरेन्स कं. लि.

८. सञ्चालक समितिको बनौट :

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समितिको व्यवस्था गरिएको छ। सञ्चालक समितिमा नियुक्त हुनको लागि गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको कम्तीमा १०० थान शेयर लिएको हुनु पर्नेछ। यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन। तर, संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक तथा व्यवसायिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन। संचालक समितिमा संचालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

सस्थापक समूह "क" वर्गका शेयरधनीहरुको तर्फबाट	५(पाँच) जना
सर्वसाधारण समूह"ख"वर्गका शेयरधनीहरुको तर्फबाट	१ (एक) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ। पदावधि समाप्त भई सञ्चालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति सञ्चालकको पदमा पुनः नियुक्त हुनसक्ने छ।

९ निष्कासन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्दाको मितिमा कायम शेयरधनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन्। सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम शेयरका २ : १ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले भुक्तानी माग गर्ने गरी रु.२९,७०,००,०००/- शेयर पूँजी बराबर प्रति शेयर रु.१००/- अंकित दरका २९,७०,००० कित्ता शेयरहरुको हकप्रद निष्काशन गरिएको छ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः

कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ। दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आवेदन गर्ने साधारण शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्तसाथ संलग्न भएको हुनुपर्नेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिइ शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोके बमोजिम अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा बिक्री गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ।

१२. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले यस हकप्रद निष्काशन प्रयोजनका निम्ति आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिमा कायम शेयरधनीहरुले शेयर खरिद गर्दा आफ्नो नाममा कायम शेयरको २ : १ को अनुपातमा (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) हुन आउने शेयर संख्याको लागि आवेदन दिन सक्नेछन्। यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी परिणत गरी आवेदन दिन सकिनेछ। साथै शेयरधनीहरुले आफूले हकप्रद आधारमा माथि उल्लेखित खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन्।

१३. कम्पनीको विगत तीन वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण :

कम्पनीको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, र आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

वासलात

(रु. हजारमा)

विवरण	वास्तविक			#अपरिष्कृत		प्रक्षेपित**		
	आ.ब. ०७१/७२	आ.ब. ०७२/७३	आ.ब. ०७३/७४	*आ.ब. ०७४/७५ आषाढ मसान्त	*आ.ब. ०७५/७६ दोश्रो त्रैमास	आ.ब. ०७५/७६	आ.ब. ०७६/७७	आ.ब. ०७७/७८
श्रोत								
चुक्ता पूँजी	५००,०००	५५०,०००	५९४,०००	५९४,०००	५९४,०००	२,०००,०००	२,०००,०००	२,०००,०००
जगेडा तथा कोष	१७१,४१६	१८७,२५९	२०६,६२०	२४०,४५७	२६५२१६	२७२,०५०	३८८,०३३	४८८,५२५
महा-विपत्ती जगेडा	११,२३९	१८,८१२	२६,१३०	२९,८९०	३२,३६३	३८,६८०	५१,५६७	६२७३३
जीवन बीमा कोष	१,५१५,६०९	२,२२१,६५६	३,०३६,६१२	४,२३२,६५६	४,८७३,९४७	५,९३९,०२६	८,२०१,२७८	११,२५७,८०८
तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-	-	-	-	-	-
कुल श्रोत	२,१९८,२६४	२,९७७,७२८	३,८६३,३६२	५,०९७,००३	५,७६५,५२६	८,२४९,७५५	१०,६४०,८७८	१३,८०९,०६६
उपयोग								
स्थिर सम्पत्ति (खुद)	२७,८८२	२४,६११	२२,०९७	३४,५४८	४१,०९९	३१,९९२	२८,७३८	२६,१०६
दीर्घकालिन लगानी	२००,१७९	६३,०८१	२०४,७०२	२५०,६१६	४३८,८९३	१,५०९,२३३	१,९३२,९३९	२,४९७,८७०
बीमालेखको धितोमा कर्जा	२५,२३५	५५,०८२	१०६,१७३	२०६,९९३	२६२,४४२	३१८,६३७	४५०,७८६	६१९,१६२
दीर्घकालिन कर्जा	१४,९७३	१९,६७९	२६,७७९	३०,२९७	३३,३६५	३९,१२७	४२,६८७	४६,९३७
चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु :	२६८,२६९	१६२,४५३	३५,९७५१	५१२,४५४	७७५,७९९	१,८९८,९८९	२,४५५,१५०	३,१९०,०७५
नगद तथा बैंक मौज्दात	४,८४५	२७,६०९	३७,३२९	४९,३८६	४९,३८६	२०,०००	२०,०००	२०,०००
अल्पकालिन लगानी तथा कर्जा	१,८३६,४९१	२,६४२,६१२	३,४४६,३३१	४,३८०,६८९	४,९३९,७०१	६,०३६,९३२	७,७३१,७५७	९,९९१,४७९
अन्य अल्पकालिन कर्जा	-	-	-	-	-	-	-	-
अन्य सम्पत्ति	२६५,६६१	३६२,३८२	३६२,०५५	४९७,७३८	४३७,५२०	६०३,४७३	७४०,७४२	९१३,४१६
जम्मा (क)	२,१०६,९९७	३,०३२,६०३	३,८४५,७१६	४,९२७,८१४	५,४२६,६०७	६,६६०,४०५	८,४९२,४९९	१०,९२४,८९५
चालु दायित्व तथा व्यवस्थाहरु :								
चालु दायित्व	१२९,१०९	१५६,२६८	२१८,६२८	१६८,०७३	१९५,७६४	१७३,३२२	१८०,४७२	१८९,८५९
असमाप्त जोखिम वापत व्यवस्था	९,२२०	१६,७२५	४२,७१७	७०,२९७	६१,५६३	४३,७८६	२१,८९३	५,४७३
भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था	९,७९७	९,५०४	५,५९६	३,१७६	३,१६६	३,१७६	३,१७६	३,१७६
अन्य ब्यवस्था	२८,८७७	३४,८३०	७५,१६४	१११,७१९	१७६,३८७	८९,३५४	१०१,२३०	१०७,३९६
जम्मा (ख)	१७७,००२	२१७,३२७	३४२,१०४	३५३,२६६	४३६,८८०	३०९,६३८	३०६,७७१	३०५,९०४
खुद चालु सम्पत्ति (ग) = (क) - (ख)	१,९२९,९९५	२,८१५,२७६	३,५०३,६१२	४,५७४,५४८	४,९८९,७२७	६,३५०,७६६	८,१८५,७२८	१०,६१८,९९०
अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	-	-	-	-	-	-	-	-
नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-	-	-	-	-	-
कुल उपयोग	२,१९८,२६४	२,९७७,७२८	३,८६३,३६२	५,०९७,००३	५,७६५,५२६	८,२४९,७५५	१०,६४०,८७८	१३,८०९,०६६

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			#अपरिष्कृत		प्रक्षेपित*		
	आ.ब. ०७१/७२	आ.ब. ०७२/७३	आ.ब. ०७३/७४	*आ.ब. ०७४/७५ आषाढ मसान्त	*आ.ब. ०७५/७६ दोश्रो त्रैमास	आ.ब. ०७५/७६	आ.ब. ०७६/७७	आ.ब. ०७७/७८
आम्दानी								
आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	(३,९५२)	४६८	३८,१३१	४४,९९३	१५,४७२	४४,५०८	१३,७२७	२,८८२
जीवन बीमा कोषबाट सारेका	१२,९२९	१८,०१४	३६,६१८	-	-	-	-	-
लगानी कर्जा तथा अन्यबाट आय	३२,७४४	३४,१४९	४३,७६६	६७,६३५	३८,८५१	६५,३८६	१७८,०४४	१८८,४९४
व्यवस्था फिर्ता	५,०९१	१,३९३	१,२९५	४,२६५	३,२५३	२५,२१३	-	-
अन्य आम्दानी	-	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	४६,८१२	५४,०२४	११९,८१०	११६,८९३	५७,५७६	१३५,१०७	१९१,७७१	१९१,३७६
खर्च								
व्यवस्थापन खर्च	२१,०३७	२४,०२७	१६,७५०	२१,३७४	१०,८९९	२९,८८५	३६,१५२	४२,७६०
अपलेखन खर्च	१,०१३	-	-	-	-	-	-	-
शेयर सम्बन्धी खर्च	२००	२३२	७७९	१,६०७	१९५	९,२५०	२९०	२९०
अन्य खर्चहरु	१०९	३९८	२०३	४०४	-	-	-	-
नोक्सानीको लागि व्यवस्था	१,२८९	६७	३७,८४६	२५,२१३	१,३८८	-	-	-
कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-	-	-
कर्मचारी बोनस व्यवस्था	२,१०६	२,६६४	५,८३९	६,२०९	४,१००	८,७२५	१४,१२१	१३,४८४
समायोजित आयकर (अ) = (आ) - (इ)	(१५,९७४)	(४९,०९४)	(१४,७८६)	२४,४८९	-	(६५५)	१२,३३८	२३,१८४
आ) आयकर	-	-	-	-	-	-	-	-
इ) स्थगन कर सम्पत्ति/(दायित्व)	१५,९७४	४९,०९४	१४,७८६	(२४,४८९)	-	६५५	(१२,३३८)	(२३,१८४)
जीवन बीमा कोषमा सारेको	-	-	-	-	-	-	-	-
जम्मा खर्च (ख)	९,७७९	(२१,७०७)	४६,६३१	७९,२९५	१६,५८१	४७,२०५	६२,९००	७९,७१७
खुद नाफा/(नोक्सान) (ग) = (क) - (ख)	३७,०३२	७५,७३२	७३,१८०	३७,५९७	४०,९९५	८७,९०२	१२८,८७१	१११,६५८
अघिल्लो वर्षसंग सम्बन्धित खर्च	-	-	-	-	-	-	-	-
अघिल्लो वर्षबाट सारिएको नाफा/(नोक्सान)	२,०१०	१९,३६५	३,६७९	४,७३४	-	६३,०६०	१४१,५१७	२६९,८३९
बाँडफाँडको लागि उपलब्ध रकम	३९,०४३	९५,०९७	७६,८५९	४२,३३१	४०,९९५	१५०,९६३	२७०,३८८	३८१,४९७
क) स्थगन कर जगेडा	१५,९७४	४९,०९४	१४,७८६	(२४,४८९)	-	६५५	(१२,३३८)	(२३,१८४)
ख) पूँजीगत जगेडा	-	-	-	-	-	-	-	-
ग) विशेष जगेडा	-	-	-	-	-	-	-	-
घ) अन्य जगेडा	-	-	-	-	-	-	-	-
ङ) शेयर प्रिमियमबाट रकमान्तर	-	११,५६६	-	-	-	-	-	-
च) प्रस्तावित लाभांश	-	-	-	-	-	-	-	-
(अ) बोनस शेयर	-	४४,०००	४७,५२०	-	-	-	-	-
(आ) नगद लाभांश	-	२,३१६	२,५०१	-	-	-	-	-
छ) महा-विपत्ति जगेडा	३,७०३	७,५७३	७,३१८	३,७६०	२,४७३	८,७९०	१२,८८७	११,१६६
वासलातमा सारेको नाफा/(नोक्सान)	१९,३६५	३,६७९	४,७३४	६३,०६०	३८,५२२	१४१,५१७	२६९,८३९	३९३,५१४

एकिकृत आय-व्यय हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			#अपरिष्कृत		प्रक्षेपित*		
	आ.ब. ०७१/७२	आ.ब. ०७२/७३	आ.ब. ०७३/७४	*आ.ब. ०७४/७५ आषाढ मसान्त	*आ.ब. ०७५/७६ दोश्रो त्रैमास	आ.ब. ०७५/७६	आ.ब. ०७६/७७	आ.ब. ०७७/७८
आय								
बीमा शुल्क (खूद)	६७८,२१५	९२५,४९८	१,१२९,६९८	१,४४८,४४८	७१९,९५८	२,०२७,५४४	२,७४६,५९८	३,६७६,२९२
पूनर्बीमा कमिशन आय	-	५,२६५	८२९	-	-	-	-	-
लगानी, कर्जा तथा अन्यबाट आय	८८,६४४	१२८,४१५	२१२,६५५	३९५,३२३	२३७,५१४	४९३,९०९	६११,३८५	८२७,०१३
बीमालेखको धितोमा कर्जा आय	२,०६०	४,४४४	८,९१४	१७,८९०	१२,९४७	२८,९१०	४२,३१८	५८,८४७
अन्य प्रत्यक्ष आय	५,२२८	४,९२९	७,४३५	१०,९९८	६,४४१	१२,२२०	१६,७०२	२२,८७१
आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था	६,८८६	९,७९७	९,५०४	५,५९६	३,१७६	३,१७६	३,१७६	३,१७६
आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत ब्यवस्था	-	९,२२०	१६,७२५	४२,७१७	७०,२९७	७०,२९७	४३,७८६	२१,८९३
जम्मा आय (क)	७८१,०३३	१,०८७,५६८	१,३८५,७६१	१,९२०,९७१	१,०५०,३३२	२,६३६,०५५	३,४६३,९६६	४,६१०,०९२
व्यय								
दावी भुक्तानी (खूद)	३०,३२२	४६,३०८	१४०,०७७	२१५,८७३	१३४,०३४	२६०,०८१	४००,२६१	५८०,५९०
अभिकर्ता कमिशन	९७,३७४	१३९,५१२	१४३,५०३	१८२,१०९	८८,३२१	२८६,१४४	४०६,३८५	५३५,७११
स्वास्थ्य परीक्षण शुल्क	१,५१८	२,१३९	२,११५	१,६३२	४५१	२,७५०	३,४४०	४,१३०
पूनर्बीमा कमिशन खर्च	-	-	-	-	-	-	-	-
सेवा शुल्क (खूद)	६,७८२	९,२५५	११,२९७	१४,४८४	७,२००	२०,२७५	२७,४६६	३६,७६३
अन्य प्रत्यक्ष खर्च	-	-	-	-	-	-	-	-
ब्यवस्थापन खर्च	११२,०६३	१३९,५९४	१५०,७५१	१९२,३६२	९८,०९२	२६८,९६४	३२५,३६५	३८४,८३७
आयकर	-	-	-	-	-	-	-	-
आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था	९,७९७	९,५०४	५,५९६	३,१७६	३,१६६	३,१७६	३,१७६	३,१७६
आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम वापत ब्यवस्था	९,२२०	१६,७२५	४२,७१७	७०,२९७	६१,५६३	४३,७८६	२१,८९३	५,४७३
जम्मा व्यय (ख)	२६७,०७६	३६३,०३८	४९६,०५६	६७९,९३४	३९२,८२६	८८५,१७७	१,१८७,९८७	१,५५०,६८१
बचत/(नोक्सान)(क)-(ख)	५१३,९५७	७२४,५३०	८८९,७०५	१,२४१,०३७	६५७,५०६	१,७५०,८७८	२,२७५,९७९	३,०५९,४११
जीवन बीमा कोषमा सारेको	५१७,९१०	७२४,०६२	८५१,५७४	१,१९६,०४४	६४२,०३४	१,७०६,३७०	२,२६२,२५२	३,०५६,५३०
नाफा नोक्सान हिसाबमा सारेको	(३,९५२)	४६८	३८,१३१	४४,९९३	१५,४७२	४४,५०८	१३,७२७	२,८८२

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ।

(रु. हजारमा)

विवरण	वास्तविक			#अपरिष्कृत		प्रक्षेपित*		
	आ.ब. ०७१/७२	आ.ब. ०७२/७३	आ.ब. ०७३/७४	*आ.ब. ०७४/७५ आषाढ मसान्त	*आ.ब. ०७५/७६ दोश्रो त्रैमास	आ.ब. ०७५/७६	आ.ब. ०७६/७७	आ.ब. ०७७/७८
चुक्ता पूँजी	५००,०००	५५०,०००	५९४,०००	५९४,०००	५९४,०००	२,०००,०००	२,०००,०००	२,०००,०००
जगेडा तथा अन्य कोषहरु	१८२,६५५	२०६,०७१	२३२,७५०	२७०,३४७	२९७,५७९	३१०,७३०	४३९,६००	५५१,२५८
कुल								
घटाउने : अपलेखन हुन बाकी रकम	-	-	-	-	-	-	-	
कुल नेटवोर्थ	६८२,६५५	७५६,०७१	८२६,७४९	८६४,३४७	८९१,५७९	२,३१०,७२९	२,४३९,६००	२,५५१,२५८
शेयर संख्या ('००० मा)	५,०००	५,५००	५,९४०	५,९४०	५,९४०	२०,०००	२०,०००	२०,०००
प्रतिशेयर आम्दानी	४.२१	४.८४	९.८३	१०.४५	१३.८०	४.३६	७.०६	६.७४
प्रति शेयर नेटवोर्थ (रु.)	१३६.५३	१३७.४७	१३९.१८	१४५.५१	१५०.१०	११५.५४	१२१.९८	१२७.५६
प्रति शेयर अंकित मूल्य (रु.)	१००	१००	१००	१००	१००	१००	१००	१००
नेटवोर्थमा औसत प्रतिफल	३.०८	३.५२	७.०६	७.१८	९.२०	३.७८	५.७९	५.२९
निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवोर्थमा आवश्यक न्यूनतम प्रतिफल								१०.३५%

व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण।
* यस आर्थिक तथा वित्तीय प्रक्षेपण/बिश्लेषण कम्पनी आफैले तयार पारेको हो र यी बिवरणहरु औचित्यपूर्ण र यथार्थ परक रहेको गुराँस लाइफइन्स्योरेन्स कम्पनी लिमिटेडको उद्घोषण रहेकोछ।
द्रष्टव्यः यस आर्थिक तथा वित्तीय प्रक्षेपण/बिश्लेषण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु के.एस.डी.बी. एण्ड एशोसिएटेस् चार्टर्ड एकाउण्टेण्टले प्रमाणित गर्नुएको छा बीमाङ्कीय मुल्याङ्कन पछि हुने वास्तविक नाफाले नेटवर्थ तथा प्रति शेयर आम्दानी सबै परिवर्तन हुन सक्नेछ।

१४. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

क) भविष्यमा नयां बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुन सक्ने जोखिमहरु।
ख) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
ग) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
घ) नेपाल सरकार तथा बीमा ऐनको नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु।
ङ) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु।
च) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : निष्कासन गरिएको शेयर मूल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१५. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३" को नियम २१ ले निर्धारित गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र हकप्रद शेयरको बाँडफाँट गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ।

१६. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आह्वान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँट पश्चात् नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँटमा परेका निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा सूचीकरण गराई खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

१७. पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रू)	न्यूनतम शेयर मूल्य (रू)	अन्तिम बजार मूल्य (रू)	शेयर कारोवार संख्या
२०७२/७३	११५०	५२०	९५०	१४,३३,७०४
२०७३/७४	१४००	४३६	१०२०	१६,४०,१५६
२०७४/७५	१३००	५९८	८७३	१६,४०,१५६
कार्तिक २०७५	७७०	७२०	७२०	९४६३
मंसिर २०७५	७२४	५३४	५९०	५०,९३९
पुस २०७५	७९०	५९०	७१८	७४,२०३

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने।

१८. हकप्रद शेयर खरीद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पुर्व वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताव बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयरधनी नम्बर, हितग्राही खाता नं. तथा आफुले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
ख) प्रत्येक शेयरधनीले हकप्रद शेयरका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, डिम्याट खाता नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफुले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ। डिम्याट खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुलाई हकप्रद शेयर अभौतिक रुपमा डिम्याट खातामा नै जम्मा गरिनेछ।
ग) आवेदकको पुरा नाम - नेपाली तथा अङ्ग्रेजी दुवैमा।
घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रमा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ।
ङ) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
च) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समुहको शेयरको अनुपातमा सञ्चालक समितिले निर्णय गरे बमोजिम बाँडफाँट गरिनेछ।
छ) यस हकप्रद निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैन।
ज) यस हकप्रद निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।
झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्रही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँट भई कायम बाँडफाटमा परेको शेयर कित्ता जम्मा गरिनेछ।
ञ) आवेदन दिदाँ एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः

१) साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची ११ को ढाँचामा गरी सम्बन्धित शेयरधनीहरुले कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा गएर दस्तखत प्रमाणित गरी बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौंमा हक हस्तान्तरणको फारम बुझाउन निम्न व्यवस्थाहरुको पालना गर्नुपर्नेछ।
  क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
  ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,
  ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,
  घ) संगठित संस्थाको प्रबन्धपत्र, नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
  ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
  च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको।
२) मनोनयन गर्दा एक व्यक्ति लाई मात्र मनोनयन गर्नु पर्नेछ।
३) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला)ले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने।
४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम(१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद गर्न पाउने छैन।
५) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण अनुसार सक्नेछ।

२०. धितोपत्र खरिदका लागि आवेदन फारम पाइने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थानहरु साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ :

सि.नं.	संकलन केन्द्रहरु
१.	श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौ।
२.	लक्ष्मी बैंक लिमिटेडका शाखाहरु **काठमाडौं उपत्यका भित्रः** महाराजगञ्ज, ललितपुरको पुल्चोक, **उपत्यका बाहिरः** पर्साको विरगंज, मोरङ्गको विराटनगर, रुपन्देहीको भैरहवा, कास्कीको पोखरा, चितवनको नारायणगढ, बाँकेको नेपालगञ्ज, कैलालीको धनगढी, धनुषाको जनकपुर, सुनसरीको इटहरी, झापाको दमक, सुनसरीको धरान, सिराहाको लहान, स्याङ्गजाको वालिङ्ग, सुर्खेतको विरेन्द्रनगर, दाङ्गको घोराही, महोत्तरी जलेश्वर, सल्यानको श्रीनगर, दोलखाको चरिकोट, काभ्रेपलाञ्चोकको बनेपा, तनहुँको दमौली, मकवानपुरको हेटौंडा।
३.	सि-आश्वाको सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आश्वा प्रणाली मार्फत हकप्रद शेयर भर्न सकिने।

- उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा लक्ष्मी क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम नेपाल सरकार अन्तर्गतको हुलाक कार्यालयद्वारा लक्ष्मी क्यापिटल लिमिटेड, बानेश्वर, काठमाण्डौमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन।
- हकप्रद शेयर निष्काशनको क्रममा शेयरधनीको संख्या र ठेगानालाई आधारमानी शेयरधनीहरुको पहुँच हुने गरी पर्याप्त मात्रामा संकलन केन्द्र तोकिनेछ। साथै दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.guranslife.com र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लि.को वेभसाइट www.laxmicapital.com.np बाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। साथै शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनीको वेभसाइट www.guranslife.com र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लि.को वेभसाइट www.laxmicapital.com.np मा हेर्न सक्ने व्यवस्था गरिने छ।

२१. निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री लक्ष्मी बैंक लिमिटेड, हात्तिसार काठमाण्डौ।	००५३४०१०७८८

नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंकहरूलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयर निष्काशन गर्दा हकप्रद शेयरका लागि आवेदन लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ। उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिइनेछ।

२३. क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७५ माघ २३ गते "ईक्रा एनपि आईपिओ ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ। इक्रा नेपालले १ देखि ५ प्वाइन्ट गेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। "ईक्रा एनपि आईपिओ ग्रेड ४"ले औसत भन्दा तल (Below-Average Fundamentals) आधार जनाउँदछ। ग्रेड २,३ र ४ मा प्रयोग गरिने +(plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थिति जनाउँदछ।

२४. सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु. १५५,५९५,९००/- जम्मा गरिसकेको व्यहोरा अवगत गराउंदछौं।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्त फारामको नमूना


हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्कासन खुल्ला मिति : २०७५/१२/२८ गते
निष्कासन बन्द हुने मिति : २०७६/०२/०१ गते (बैंकिङ समय पश्चात्)

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
Gurans Life Insurance Co. Ltd.
E-mail-info@guranslife.com Web: www.guranslife.com

कार्यालय प्रयोजनको लागि

शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

हकप्रद शेयर खरीद दरखास्त फाराम

सि.नं.

श्री संचालक समिति,
गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
तिनकुने, काठमाडौं।

कोड नं.

हितग्राही खाता नं. DP ID / CLIENT ID

महाशय,

शेयरधनी नं.

त्यस कम्पनीबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७५/१२/०५ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा (भौतिक/अभौतिक) .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको २ शेयर बराबर नयाँ १ (२ : १) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक)............ कित्ता गरि जम्मा..........कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं। त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			

हक हस्तान्तरण गरिदिने शेयरधनीको शेयरधनी नं./हितग्राही नं. DP ID / Client ID / शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम रु. / अक्षरमा
दरखास्त बुझाएको मिति / रसिद/भौचर नं.
चेक खिचिएको बैंकको नाम / चेक नं.
रकम बुझाएको बैंक/कम्पनीको नाम / ठेगाना
आवेदक स्वयंको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा / खाता नं.
निवेदकको पुरा नाम: नेपालीमा श्री/श्रीमती/सुश्री/नावालक; In English Mr./Mrs./Miss/Minor (USE CAPITAL LETTER)
ठेगाना: घर नं./वडा नं., टोल, गाउं पालिका/न.पा., जिल्ला
Address: House No./Ward no, Tole, Rural Municipality/Municipality, District
सम्पर्क ठेगाना
PAN No. / Phone No. / Mobile No.
ना.प्र.प.नं./जारी स्थान / Email ID
बाबुको नाम / Father's Name
बाजेको नाम / Grand Father's Name
पति/पत्नीको नाम
संरक्षकको नाम (नावालकको हकमा) / Guardian's Name (Incase of minor)

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं.

Applicant's Name	
Company's Name	GURANS LIFE INSURANCE CO. LTD.
No. of Shares Applied	Call Money per Share Rs.100 Amount Deposited
Amount in Words	

For Official Use Only:
चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।
Received by: Shareholder No. DP ID
Date: Stamp Code No. CLIENT ID

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)

(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)

पो.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, फोनः ९७७-०१-४७८०२२२/४७८१५८२, फ्याक्सः ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np